फोन नं. ०३७-६२००७५

# चिशंखुगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सेर्ना, ओखलढुंगा

पत्र संख्याः २०७६/०७७
चलानी नं.: ११०२

१ नं. प्रदेश, नेपाल
मिति : २०७७/०१/२९

श्री सम्पूर्ण कर्मचारी एवं शिक्षकहरु
चिशंखुगढी गाउँपालिका, ओखलढुंगा।

**विषयः निर्णय कार्यान्वय सम्बन्धमा।**

प्रस्तुत विषयको सम्बन्धमा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस(कोभिड-१९) को कहरबाट विश्व मानव समुदाय आक्रान्त बनेको विद्यमान प्रतिकूल परिस्थितिमा यस चिशंखुगढी गाउँपालिका पनि प्रभावित हुन पुगेको तथा कोरोना भाइरसको (कोभिड-१९) प्रकोपको कारण नेपाल सरकारले घोषणा गरेको बन्दाबन्दीको अवस्था हाल सम्म पनि कायमै रहेकोमा उक्त महामारीको प्रभावलाई रोकथाम एवं न्यूनिकरण गर्न चिशंखुगढी गाउँपालिका स्थानीय सरकारको पनि अनिवार्य दायित्व सिर्जना भएको हुँदा मानव स्वास्थ्य एवं जन सरोकार सँग सम्बन्धित सामाग्रीहरुको व्यवस्थापन गर्न, बन्दाबन्दीको कारणले गर्दा प्रभावित हुन पुगेका आम नागरिक, मजदुर एवं श्रमिकहरुलाई राहत उपलब्ध गराउन पारदर्शी ढंगबाट गाउँपालिका अविछिन्न रुपमा लागि परेको छ। यसर्थ आवश्यक स्रोत सामाग्रीको व्यवस्थापनका निमित्त गाउँपालिकाले प्रकोप व्यवस्थापन कोषको स्थापना गरेको कुरा सर्वविदितै छ। सोही मुताविक चिशंखुगढी गाउँ कार्यपालिकाको मिति २०७७।०१।२८ गतेको निर्णयानुसार गाउँपालिका अन्तर्गत कार्यरत स्वास्थ्य सेवाका (जन स्वास्थ्य) कर्मचारी र कार्यालय सहयोगी बाहेकका स्थायी कर्मचारीहरु, नेपाल सरकारले तोके बमोजिमको सेवा सुविधा पाउने गरी गाउँपालिकामा नियुक्त करार सेवाका कर्मचारीहरु तथा गाउँपालिका अन्तर्गतका विद्यालयमा कार्यरत शिक्षकहरुको (स्थायी, करार र राहत दरबन्दी) तपसिल बमोजिम पारिश्रमिक कट्टा गरी गाउँपालिकाको प्रकोप व्यवस्थापन कोष खातामा रकम जम्मा गर्ने निर्णय भएको हुँदा उक्त निर्णयानुसारको पारिश्रमिक कट्टा गरी चिशंखुगढी गाउँपालिका प्रकोप व्यवस्थापन कोष खाता नं ०९२००४८६२५४०००००८ मा रकम जम्मा गरिने व्यहोरा सबैको जानकारीका लागि अनुरोध छ।

**तपसिल**

| क्र.सं. | कर्मचारी तथा शिक्षकको श्रेणी/तह/पद | दिन (शुरु तलबको) | कैफियत |
|---|---|---|---|
| १ | रा.प. द्वितीय तथा तृतीय श्रेणी वा सो सरह | ५ | |
| २ | रा.प. अनंकित तथा श्रेणी बिहीन वा सो सरह | ३ | |

०७७/०१/२९

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

**वोधार्थः**
श्री आर्थिक प्रशासन शाखा, निर्णयानुसार गर्न हुन।
श्री सम्पूर्ण विद्यालयहरु चिशंखुगढी गाउँपालिका, ओखलढुंगा।
श्री सूचना प्रविधि शाखाः गाउँपालिकाको वेभसाईटमा अपलोड गरिदिनु हुन।